# ताप्ली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रुपाटार, उदयपुर
कोशी प्रदेश, नेपाल

प.सं. ०८१/८२
च.नं. ३३२

मिति: २०८१/०८/१८
ने.स. ११४५, थिंलाध्व, द्वितिया, मंगलवार

विषय: रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना।

श्री जो जस सँग सम्बन्धित छ।

उदयपुर जिल्ला ताप्ली गाउँपालिका अन्तर्गत श्री महेन्द्र रत्न माध्यमिक विद्यालय (१-१२) रुपाटारमा मा.शि गणीत विषयको शिक्षकको मिति २०८१-०८-२९ गते देखि अनिवार्य अवकास हुनेहुँदा सो पद रिक्त हुने भएकाले सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. १४ मिति २०८१/०७/३० को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्वन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च:
१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना mahendrarantnamavi@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिएको बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

बोधार्थ:
श्री शिक्षा विकास तथा समन्वय इकाइ, उदयपुर।
श्री महेन्द्र रत्न माध्यमिक विद्यालय (१-१२) रुपाटार

प्रमुख प्रशासकीय अधिकृत